# प्रेस विज्ञप्ति- ३४०

# Press Release- 340


लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाडौं


मिति: २०८०।०७।२० गते।

## अवैध लागु औषध खैरो हेरोईन २४४ ग्राम, नाईट्रोभेट ११२ ट्याब्लेट र ट्रामाडोल १७,४१५ क्यासुल सहित ६ जना मानिस पक्राउ।

विशेष सूचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरोको निरन्तरको निग्रानी तथा कार्वाहीको क्रममा निम्नानुसारका अवैध लागु औषध कारोवार गर्ने मुख्य व्यक्तिहरुलाई लागु औषध तथा मनोद्विपक पदार्थ सहित पक्राउ गरी निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्बन्धित सम्मानित जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई थप अनुसन्धान भई रहेको।

- विगत लामो समय देखि काठमाण्डौमा लागु औषध खैरो हेरोईनको बिक्री बितरण कार्यमा संलग्न का.जि.का.म.न.पा. ४ ठेगाना भएको बर्ष ३२ की सपना रायमाझी र जि.ओखलढुङ्गा खिजीदेम्बा गा.पा. ३ बस्ने बर्ष ३८ को गंगालाल बि.क. मिति २०८०।०७।१५ गते ला.औ.नि. ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले निजहरुलाई जिल्ला काठमाण्डौ, गोकर्णेश्वर न.पा. ६ नयाँ बस्तीबाट **अवैध लागु औषध खैरो हेरोईन ८१.५०० ग्राम** सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको ।
- काठमाण्डौ उपत्यकामा कोठा भाडामा लिई औषधी जन्य मनोद्विपक पदार्थको कारोवार गर्ने मुख्य व्यक्ति का.जि. गोकर्णेश्वर न.पा. ४ बस्ने बर्ष ५० को दिपक श्रेष्ठ र ऐ.ऐ. बस्ने बर्ष ३० को दिपेश डंगोल महर्जनलाई मिति २०८०।०७।१६ गते ला.औ.नि. ब्यूरो कोटेश्वरबाट, खटिएको प्रहरी टोलीले का.जि.का.म.न.पा. ७ चावहिलबाट **ट्रामाडोल १७,४१५ क्यासुल, नाईट्रोभेट ११२ ट्याब्लेट र लागु औषध खैरो हेरोईन १.८०० ग्राम** सहित पक्राउ गरी यस कार्यालयबाट थप अनुसन्धान भई रहेको ।
- लामो समय देखि काठमाण्डौ केन्द्रित रही लागु औषध खैरो हेरोईनको अवैध कारोवारमा संलग्न गिरोका नाईके जि.सिराहा धनगढीमाई न.पा. १४ बस्ने बर्ष ३७ को झरेन्द्र बहादुर ज्यु ठकुरी र निजका सहयोगी जि.धादिङ त्रिपुरासुन्दरी गा.पा. २ बस्ने बर्ष २७ को सन्दिप ईटानीलाई मिति २०८०।०७।१७ गते ला.औ.नि. ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाण्डौ, तार्केश्वर न.पा. ४ बाट **अवैध लागु औषध खैरो हेरोईन १६०.६०० ग्राम** सहित पक्राउ गरेको छ। निजहरुको संजालले लामो समय देखि नेपाल भारत सिमानाबाट लागु औषध खैरो हेरोईन नेपाल ल्याई काठमाण्डौका बिभिन्न स्थानहरूमा कारोवार गर्ने प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। निजहरु उपर यस व्यूरोबाट थप अनुसन्धान भई रहेको ।


**प्रवक्ता / सूचना अधिकारी**

(चक्रराज जोशी)

प्रहरी उपरीक्षक

सम्पर्क नम्वर : ९८५११३२७४३








